नेपाल सरकार
उद्योग ,वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
(कम्पनी प्रशासन शाखा 'ङ')
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

प.सं. :
च.नं. :

## सूचना

नेपाल सरकारले आर्थिक बर्ष ०८०।८१ को बजेट वक्तव्य मार्फत सार्वजनिक गरेको "नयाँ कम्पनी दर्ता गर्दा र कम्पनीको पुँजी बृद्धि गर्दा शुल्क लाग्दै आएकोमा अवदेखी कुनै पनि शुल्क तथा दस्तुर नलाग्ने व्यवस्था मिलाईनेछ" भनी गरिएको नीतिगत व्यवस्थाको कार्यान्वयनको लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०।०५।२९ को निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ५, ५६, १५४ र १६६ वमोजिमका दफाहरुमा गरिएको व्यवस्था वमोजिम खण्ड ५७, संख्या ७, नेपाल राजपत्र, भाग ५, मिति २०६४।०२।१४ मा प्रकाशित सूचनाबाट तोकिएको शुल्क तथा दस्तुर आर्थिक ऐन, २०८० को दफा १८ वमोजिम चालु आर्थिक बर्ष ०८०।८१ को लागि मिनाहा दिने भनी निर्णय भएको र उक्त निर्णयको सूचना खण्ड ७३, संख्या २९, नेपाल राजपत्र, भाग ५, मिति २०८०।०६।०८ मा प्रकाशित भएको व्यहोरा सरोकारवालाहरुको जानकारीको लागि यसै सूचना मार्फत अनुरोध छ ।

प्रकाशित राजपत्र वमोजिम कम्पनी दर्ता तथा पुँजी बृद्धिमा शुल्क नलाग्ने गरी यस कार्यालयमा हाल संचालित व्यवस्थापन सूचना प्रणालीमा प्राविधिक तैयारीहरु गरी अविलम्ब नेपाल सरकारको निर्णय कार्यान्वयन गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइएको छ । यहाँहरु सबैको सहयोगको लागि हार्दिक धन्यवाद !

पुनश्च : मिति २०८० असोज ०८ गते नेपाल राजपत्रमा प्रकाशित सुचना यसैसाथ संलग्न छ ।

२०८०।०६।०९

१०।६।८
उप-रजिष्ट्रार

फोन: ५३१५०७७ (रजिष्ट्रार), ५३६७२५६, ५३६३०८९
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np

# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, असोज ८ गते, २०८० साल (संख्या २९

## भाग ५

### नेपाल सरकार

### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना

नेपाल सरकारले खण्ड ५७, सङ्ख्या ७, मिति २०६४।०२।१४ को नेपाल राजपत्र भाग ५ मा सूचना प्रकाशन गरी तोकिएको कम्पनी ऐन, २०६३ को दफा ५ बमोजिम प्राइभेट लिमिटेड कम्पनी तथा पब्लिक लिमिटेड कम्पनी संस्थापना गर्दा, दर्ता भैसकेको कम्पनीले पूँजी वृद्धि गर्दा, दफा ५६ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिमको कार्य गर्दा, दफा १५४ को उपदफा (२) र (३) बमोजिम विदेशी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कम्पनीले शाखा कार्यालय तथा सम्पर्क कार्यालय दर्ता गर्दा तथा दफा १६६ बमोजिम मुनाफा वितरण नगर्ने गरी कम्पनी संस्थापना गर्दा लाग्ने शुल्क तथा दस्तुर आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (१) बमोजिम चालु आर्थिक वर्ष २०८०/८१ को लागि पूर्ण छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**मुकुन्द प्रसाद निरौला**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।-
गो.द.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।